मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
५नं.प्रदेश, नेपाल

## आ.व.०७७/०७८ को लागि नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी तथा बिक्री वितरण कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति: २०७७।६।२१ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस मधुवन नगरपालिकाको आर्थिक ऐन २०७७ बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरु मा निर्धारित मापदण्ड बमोजिम स्विकृत प्रतिवेदनले तोकेको क्षेत्रहरुवाट नदीजन्यपदार्थ उत्खनन् गरी मधुवननगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्काबन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुकव्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नवीकरणभएको प्रमाणपत्र, मुल्यअभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.०७६।०७७..को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिलबमोजिम सर्तहरुको आधारमा रहि E-Bidding बोलपत्र प्रकृयामा सहभागीहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचनाप्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर बाहेक) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | MG/G/NCB/MNPO-11/077-078 | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मोरङ्ग उत्खनन/ संकलन तथा बिक्री वितरण | ढुङ्गा, गिट्टी, ग्राभेल, | रु.७ प्रति घनफिट | २१३५२७०६। (दुई करोड तेह्र लाख बाउन्न हजार सात सय छ मात्र (भ्याट सहित) | कबोल अंकको ५% | ५०००। |
| | | | बालुवा | रु.६। प्रति घनफिट | | | |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, मोरङ्ग र बालुवा उत्खनन र घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क.सं. | उत्खनन गर्ने खोला/नदी र स्थान | उत्खनन योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| ३ | बबई नदीको मौवाघाट<br>" " कुमराघाट<br>" लठुवाघाट<br>" कुसुम्बाघाट | २६०००<br>१६०००<br>८०००<br>१३२०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल<br>बालुवा<br>ढुङ्गा, गिट्टी, बालुवा माटो<br>बालुवा | तोकीएको स्थान<br>" "<br>" "<br>" " |
| ६ | कर्णाली गेरुवा नदी<br>१. पत्थरबोझी घाट-१<br>२. पत्थरबोझी -२ | ४८००<br>१२६०० | ढुङ्गा, गिट्टी, बालुवा माट्टे<br>" " | तोकीएको स्थान<br>" " |

बोलपत्र दाखीला गर्ने मिति , समय र स्थान :– दिनको २०७७०७२१ गते दिनको १२.०० बजे सम्म www.bolpatra.gov.np/epg

बोलपत्र खोलिने मिति,समयर स्थान :– २०७७०७२१ गते दिनको २.०० बजे मधुबन नगरपालीका, बर्दिया

Bank Name: **Nepal Bank Limited Sanoshree Branch Bardiya**

Account Holders name : **Madhuban Municipality Bardiya**

Account No: **15103000003000000001 for Bid Security Amount**

Account No : 15103000001001000001 for Bid Document Cost(Antrik rajasaw khata)

शर्तहरुको विस्तृत जानकारीकालागि website -www.bolpatra.gov.np/epg गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मधुबन नगरपालिका

नगर कार्यपालिको कार्यालय

बर्दिया

# बोलपत्र फारम

ठेक्का न- **MG/G/NCB/MNPO-11/077-078**

ठेक्काको नाम : ढुङ्गा, गिट्टी, वालुवा, संकलन, उत्खनन्, घाटगद्दी तथा विक्री वितरण

स्थानः बबई नदी, कर्णाली गेरुवा नदीका IEE स्वीकृत घाटहरु ,मधुबन नगरपालिका भित्र,बर्दिया

प्रमुख प्रशासकीय अधिकृत

मधुवन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिया
५नं.प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## आ.व.०७७/०७८ को लागि नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी तथा विक्री वितरण कार्यको बोलपत्र आव्हान सम्वन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०७७।८।२१ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस मधुवन नगरपालिकाको आर्थिक ऐन २०७७ बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरु मा निर्धारित मापदण्ड बमोजिम स्विकृत प्रतिवेदनले तोकेको क्षेत्रहरुबाट नदीजन्यपदार्थ उत्खनन् गरी मधुवननगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्काबन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुकव्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नवीकरणभएको प्रमाणपत्र, मुल्यअभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.ब.०७६।०७७.को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिलबमोजिम सर्तहरुको आधारमा रहि E-Bidding बोलपत्र प्रकृयामा सहभागीहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचनाप्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर बाहेक) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | MG/G/NCB/MNPO-11/077-078 | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मोरङ्ग उत्खनन/ संकलन तथा बिक्री वितरण | ढुङ्गा, गिट्टी, ग्राभेल, | रु.७ प्रति घनफिट | २१३५२७०६। (दुई करोड तेह्र लाख बाउन्न हजार सात सय छ मात्र (भ्याट सहित) | कबोल अंकको ५% | ५०००। |
| | | | बालुवा | रु.६। प्रति घनफिट | | | |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, मोरङ्ग र बालुवा उत्खनन र घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क्र.सं. | उत्खनन गर्ने खोला/नदी र स्थान | उत्खनन योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| ३ | बबई नदीको मौवाघाट<br>" " कुमराघाट<br>" लठुवाघाट<br>" कुसुम्बाघाट | २६०००<br>१६०००<br>८०००<br>१३२०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल<br>बालुवा<br>ढुङ्गा, गिट्टी, बालुवा माटो<br>बालुवा | तोकीएको स्थान<br>" "<br>" "<br>" " |
| ६ | कर्णाली गेरुवा नदी<br>१. पत्थरबोझी घाट-१<br>२. पत्थरबोझी -२ | ४८००<br>१२६०० | ढुङ्गा, गिट्टी, बालुवा माटो<br>" " | तोकीएको स्थान<br>" " |

बोलपत्र दाखीला गर्ने मिति , समय र स्थान :– दिनको २०७७।०७।२१ गते दिनको १२.०० बजे सम्म www.bolpatra.gov.np/epg

बोलपत्र खोलिने मिति,समयर स्थान :– २०७७।०७।२१ गते दिनको २.०० बजे मधुबन नगरपालीका, वर्दिया

Bank Name: **Nepal Bank Limited Sanoshree Branch Bardiya**

Account Holders name : **Madhuban Municipality Bardiya**

Account No: **15103000003000000001 for Bid Security Amount**

Account No : 15103000001001000001 for Bid Document Cost(Antrik rajasaw khata)

शर्तहरुको विस्तृत जानकारीकालागि website -www.bolpatra.gov.np/epg गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

## नदीजन्य पदार्थहरु उत्खनन, घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड सानोश्री बर्दियामा रहेको यस कार्यालयको हि.नं.१५१०३००००१००१००००१ आन्तरीक राजस्व मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औ दिन बोलपत्र भरी दिनको १२:०० बजेसम्म बोलपत्रदाताले Electronically बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np /egp बाट बोलपत्र download तथा upload गर्न सकिने व्यवस्था गरिएको छ ।

२. बोलपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड सानोश्री बर्दियामा रहेको धरौटी हि.नं.१५१०३०००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२०दिनको म्याद सहित जारी गरिएको बिडवण्ड बोलपत्र साथ पेश गरी upload गर्नुपर्ने छ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नामे, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाई नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ३१औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा electronically दर्ता गर्न सकिने छ । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २ बजे कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. नदीजन्य पदार्थहरु नदीबाट सोझै बिक्रि विरतण नगरी घाटगद्दी गरिएको स्थानबाट मात्र गर्नुपर्नेछ ।

७. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र ठेक्का कबोल गरेको ५० प्रतिशत रकम, सो रकमको नेपाल सरकारलाई बुझाउनु पर्ने नियमानुसार १३ प्रतिशत मु.अ.कर आन्तरीक राजस्व कार्यालयमा बुझाएको भौचर र बाँकी रकमको हकमा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी बैंक जमानी पत्र पेश गरी पट्टा उठाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

१०. यस जिल्लाका नदी तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, मधुबन नगरपालिका सँक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भीक बातावरणीय परीक्षण कार्यबिधी २०७७ ,नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु अभिन्न अंग रहनेछन् ।

११. नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्तिक्षेत्र, राष्ट्रिय निकुञ्ज र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

१२. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाइने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिन्हा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालीकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिन्हाको लागि दावी गर्न पाईने छैन ।

१३. कर, दस्तुर शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१४. शुल्क उठाउने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१५. ठेकेदारले मासिक रुपमा (१५/१५) दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१६. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा दिएका रायसुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक भार ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ ।

१७. ढुगा, गिट्टी, बालुवा, ग्राभेल, माटो जस्ता नदीजन्य पदार्थ संकलन उत्खनन गर्ने पक्षले नेपाल सरकार मन्त्री परिषद्को मिति २०७२।१०।२० गतेको निर्णयमा व्यवस्था भए अनुसार मधुबन नगरपालिका भित्रका जुनसुकै नदी/खोलाबाट नदीजन्य पदार्थ संकलन उत्खनन गरेपनि नगरपालिको बिक्री कर रोयल्टी बुझाउनुपर्ने छ ।

१८. बिहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम बिपरित गएमा ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

१९. स्थानीय सरकार संचालन ऐन २०७४, मधुबन नगरपालिका सँक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भीक बातावरणीय परीक्षण कार्यविधी २०७७ अनुसार नेपाल सरकारका सबै कार्यालयहरुले र राजनीतिक दलहरुले नगरपालिकाको राजश्व संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ ।

२०. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, मधुबन नगरपालिका सँक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भीक बातावरणीय परीक्षण कार्यबिधी २०७७ ,आर्थिक प्रशासन नियमावली २०६४ र नेपाल सरकारका अन्य प्रचलित कानून अनुसार हुनेछ ।

२१. खोला तथा नदीको घाटगद्दी स्थलमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सवै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

२२. नगरपालिका प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरु ठेकेदारले ३/३ महिनामा नगरपालिका जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थ उत्खननको एकीकृत परिमाण पनि पेश गर्नुपर्नेछ ।

२३ यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कानून बमोजिम हुनेछ ।

२४. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२५. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिका बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

२६ यस नगरपालिकाले निर्देशन दिई शुल्क नलिने भनि पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम नगरपालिका बाट माग गर्न पाउनेछैन ।

२७. नेपाल सरकारको निर्णय, नगरपालीका र प्रदेश सरकार प्रदेश नं.५ को निर्णय,नगर परिषद् को निर्णयबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नुपर्नेछ ।

२८. सूचना वा यस बोलपत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा नगरपालीकाको निर्णयानुसार हुनेछ ।

२९. संकलन केन्द्र नदीबाट उत्खनन गर्ने घाटको किनारामा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा नगरपालीकाको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।

३०. निर्माण सामाग्रीहरु उत्खनन र संकलन तथा बिक्री गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई बिशेष प्राथमिकता दिनु पर्नेछ ।

३१. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्यवाही हुनेछ ।

३२. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन नगरपालीकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

३३ खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।

३४. निर्माण सामाग्रीहरु उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो वापत लागेको खर्च नगरपालीकामा दावी गर्न पाईनेछैन ।

३५. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ ।

३६. पुल, कलभर्ट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मि.भित्र निर्माण सामाग्रीहरु उत्खनन गर्न पाईने छैन

३७. मूख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।

३८, नगरपालीका बाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र नगरपालिका को कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाईनेछैन । यदी कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानवीन गर्दा देखिएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

३९. ठेक्का सम्झौता भएको मितिले भोलिपल्ट देखि २०७८ जेष्ठ मसान्तको साँझ (सूर्यास्त) सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।

४०. चालु आर्थिक बर्षको तोकिएको अवधिभित्र उत्खनन गरी घाटगद्दी गरेको निर्माण सामाग्रीहरु २०७७ जेष्ठ मसान्त सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहेमा घाटगद्दी गरिएको सवै स्थानहरुमा रहेको मौज्दात यस नगरपालीका को कार्यालयबाट स्थलगत अवलोकन गराई प्रमाणित गराउनुपर्नेछ ।

४१. उत्खनन स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरी चट्टा (पाइलिङ्ग) बनाउने जिम्मा ठेकेदारको हुनेछ ।

४२ उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन ।

४३ निर्माण सामाग्री उत्खनन तथा घाटगद्दी गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा घाटगद्दी गर्नुपर्नेछ ।

४४ ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ ।

- बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति तथा समय २०७७०७२१ गते दिनको १२:०० बजेसम्म
- बोलपत्र खोल्ने समय : २०७७।०७।२१ गते दिनको २:०० बजे मधुबन नगरपालीका, बर्दिया
- बैंकको नाम :-नेपाल बैंक लिमीटेड सानोश्री शाखा, बर्दिया
- बोलपत्र खरिद गर्दा बुझाउने राजश्वको बैंक खाता नं.१५१०३०००००१००१००००००१
- बोलपत्रसाथ पेश गर्नु पर्ने धरौटीको बैंक खाता नं.१५१०३०००००३००००००००१

Electronically बोलपत्र पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र download तथा upload गर्न सकिने व्यवस्था गरिएको छ ।

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.madhuwanmun.gov.np मा समेत हेर्न सकिनेछ ।

श्री प्रमुख प्रशासकियं अधिकृत ,

मधुबन नगरपालिका , बर्दिया ।

विषय : वोलपत्र पेश गरेको ।

महोदय,

यस कार्यालयको क्षेत्र भित्र रहेको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदिको उत्खनन ,संकलन,बिक्री कर संकलन गर्न आ.व. ०७७/७८ को लागि ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी सिलवन्दी वोलपत्र आह्वान गरी मिति २०७७।६।२१ गते प्रथम पटक प्रकासित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु.......................... अक्षरुपी .. .................................. मा ठेक्का लिन मञ्जुरी भएकोले धरौटी वापत रु........................... को बैंक भौचर /बैंक जमानी पत्र यसै साथ सम्लग्न राखी सिलवन्दी वोलपत्र पेश गरेको छु ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. र नाम | अवधि | कबोल रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| १ | MG/G/NCB/MNPO-11/077-078 ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मोरङ्ग उत्खनन/ संकलन तथा बिक्री वितरण | १ बर्ष २०७८ जेठ मसान्त सम्म | | | | |

**बोलपत्र दाताको**

नाम

ठेगाना

बाबुको नाम

बाजेको नाम

फर्मको नाम:

सम्पर्क नं.

उमेर :

दस्तफर्मको छाप

मिति